# त्रिभुवन विश्वविद्यालय
## नेपाल ल क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौं

**पत्र संख्या** .............

**चलानी नं**...............

### रामराज पन्त स्मृति नेपाल ल क्याम्पस स्तरीय अभ्यास अदालत प्रतियोगिता, २०७४

### (फौजदारी मुद्दाको शुरु तह कारवाही प्रक्रिया)

**श्री प्रदर्शनीमार्ग जिल्ला अदालत समक्ष** जिल्ला प्रदर्शनीमार्ग, माकान्डो म.न.पा. वडा नं. १९ वस्ने वर्ष ५० की साफिया ठ्याकेको जाहेरीले बादी नेपाल सरकार विरुद्ध सिरीबाबु गोन्जालेको छोरा जिल्ला प्रदर्शनीमार्ग, माकान्डो म.न.पा. वडा नं. १९ स्थित होसे टोल बस्ने वर्ष २९ को जोनेश गोन्जाले भएको कर्तव्य ज्यान मुद्दाको शुरु तह कारवाही प्रक्रिया ।

**केशको व्यहोराः-**

**१. जाहेरी दरखास्त :-**

म निवेदिकाको नन्द बर्ष २३ की रेविका ठ्याके (गोन्जाले)को जिल्ला प्रदर्शनीमार्ग, माकान्डो म.न.पा. वडा नं. १९ स्थित होसे टोल बस्ने वर्ष २९ को जोनेश गोन्जालेसँग २ बर्ष अगाडी विवाह गरी घर जम गर्दा केही समय देखी नन्दका पती पत्नी विच वारम्बार मादक पदार्थ सेवन गरी झगडा गर्ने गरेको हुदा गाउ समाज समेत राखी सम्झाई बुझाई गरी बसेका थियौं । यस्तैमा मिती २०७४/०४/२१ गते बेलुका १०:०० बजेको समयमा नन्द र ज्वाई एक आपसमा झगडा गरेको कुरा म समेतका गाउलेहरुले थाहा पाएको भएता पनि निजहरु प्रायः जसो झगडा गरी रहने गरेकाले खासै वास्ता गरिएन । केही बेरमा मेरो नन्द रेविका ठ्याके (गोन्जाले)घर देखी दक्षिणमा रहेको सल्लाको रुखमा झुण्डी मृत्यु भएको भन्दै निज जोनेश गोन्जालले निजकै दाजु घर छेउमा बस्ने गावियल गोन्जालेलाई जानकारी नगराई सो घर देखी अं.५००मिटर दुरीमा बस्ने ताप बहादुर थारुलाई जानकारी गराउदै हिडेको थाहा पाई मलाई किन भनेन् भन्दै मनमा शंका लागी के भएछ त भन्दै घटनास्थलमा गई हेर्दा सल्लाको रुखको करिव अं.५फुट उचाईमा रहेको हागामा नाम्लोमा पातो बाधेर डोरी तन्द्रङ्ग झुण्डी रहेको नन्दको लाश उत्तानो परी भुईमा लडी रहेको घाटीमा डोरीको डाम अगाडी पटी देखीएको टाउको मुनी चिर्पट दाउराको सिरानी लाएको गालामा निलो डाम देखिएको घाटी पछाडी घिच्चुकमा दाग देखिएको मेरो नन्द आफु खुसी झुण्डी आत्महत्या गरेको नभई निज ज्वाई जोनेश गोन्जालेले नै कुटपिट गरी कर्तव्य गरी मारेकोमा शंका लागेको हुदा यो सुचना प्रवाह गर्न आएको छु । अतः मेरो नन्दलाई विपक्षीले कुटपिट गरी कर्तव्य गरी मारेको सम्बन्धमा निजलाई यस कार्यालयबाट पक्राउ गरी के-कस्तो परिबन्धबाट को-को भई कर्तव्य गरी मारेका हुन ? घटनाबारे अनुसन्धान तथा छानविन गरी अन्य मतियार समेत खुल्न आएमा पक्राउ गरी मुलुकी ऐन, ज्यान सम्बन्धी महल अन्तर्गत कारवाही गरी पोष्टमार्टम समेतको कार्य सम्पन्न गरी जे-जो बुझ्नु छ बुझी मृतक लाश सदगत पुर्जी पाउनका साथै विपक्षीलाई हदैसम्मको सजाँय समेत गरी पाउँ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त ।

**२. घटनास्थल/लाश जाँच मुचुल्का :-**

मिती २०७४/०४/२१ गते बेलुका १०:००बजेको समयमा जिल्ला प्रदर्शनीमार्ग, माकान्डो म.न.पा. वडा नं. १९ स्थित होसे टोल पुर्वमा देवीस्थान, पश्चिममा घोपाली खेल मैदान, उत्तरमा मेरोसेल मोवाइलको टावर र दक्षिणमा सामुदायिक वन यति

चार किल्ला भित्र रहेको सल्लाको रुख उक्त रुखको पुर्वपट्टिको हागामा सेतो प्लाष्टिकको नाम्लाको डोरी बाधेको अवस्थामा रहेको उक्त डोरी भुईमा छोएको उक्त हाँगा देखी भुईसम्मको दुरी ५फिट ७ईन्च रहेको सोही छेउमा मृतक रेविका ठ्याके (गोन्जाले)को लाश पुर्व टाउको पश्चिम खुट्टा भई उत्तानो अवस्थामा रहेको, उक्त लाशलाई ओल्टाई पल्टाई हेर्दा दायाँ आँखाको छेउमा गालाको भागमा निलो भई सुन्निएको, बायाँ पट्टिको भागमा समेत सानो खत भएको, ओठमा कालो दाग देखिएको, मृतक लाशको छेउमा काठको चिरिएको सानो चिरपट दाउरा रहेको भन्ने समेत व्यहोराको घटनास्थल लाश जाँच मुचुल्का ।

**३. शव परिक्षण रिपोर्ट :-**

मृतक रेविका ठ्याके (गोन्जाले)को Cause of death is neck Compression as a result of hanging However viscera and blood are preserved for chemical analysis. भन्ने व्यहोराको शव परिक्षण रिपोर्ट ।

**४. प्रतिवादी जोनेश गोन्जालेको बयान :-**

मैले बिगत २ बर्ष अगाडी जाहेरवालाको नन्द रेविका ठ्याके (गोन्जाले)संग बिवाह गरी घर जम गरी बस्दै आएकोमा केही समय अगाडी म र मेरो श्रीमती हामी दुवै जना मादक पदार्थ सेवन गरी बारम्बार घरायसी ब्यवहारको बिषयमा एक आपसमा हामी बीच झगडा हुदाँ समाज समेतको मानिसले हामीहरुलाई सम्झाई बुझाई गर्दै आएका थिए । केही छिन झगडा भए पनि मादक पदार्थको नशा छुटे पछि हामी मिली बस्दै आएका थियौं, मिति २०७४/०४/२१ गते बिहान म उठदा मैले किताब भित्र छोरा छोरी बिरामी हुदा चाहिन्छ भनी लुकाई राखेको रु.५००/५०० का गरी जम्मा रु.१०,०००/- (दश हजार) हेर्दा रु.४०००(चार हजार) मात्र देखे पछि श्रीमतीलाई यहाँ राखेको मेरो पैसा कस्ले लग्यो भनी सोध्दा हामी बीचमा बादबिवाद झगडा भई म रिशले होसे बजार स्थित सेतोपुलमा मेरो आमाले मकै पोली बेच्ने गरेको ठाउँमा आई दिनभरी आमालाई काम सघाई दिई बेलुका अं.०६:०० बजे तिर म घरमा पुग्दा मेरो श्रीमती अत्याधिक मादक पदार्थ सेवन गरेकी, घरमा नानीहरु रोई रहेको र मेरो पैसा समेत निजले नै लगी मादक पदार्थ खाएको भनी रीसउठी यो के गरेको भनी सोध्दा उल्टै मलाई अश्लील गाली गलौज गर्न थाले पछि मलाई रीसउठयो र मैले पहिला हातले गालामा दुई झापड हाने र उ रुन थाली झन मलाई गाली गर्न थालेकीले म १९:०० बजे तिर घरबाट निस्किएर गाउँको चौकमा गई रीसहुन्जेल सम्म बसेर अं.२०:३० बजे तिर चौकबाट घरमा पुनः गए । त्यतीखेर सम्म छोराछोरीलाई खाना समेत नदिएर बसी रहेकी रहीछन । म जान साथ फेरी आमा बाबुको नाम लिएर तथानाम गाली गर्न थालीन सम्झाउँदा समेत उल्टै म संगै लाप्पा खेल्न आई झगडा हुन थाल्यो सम्झाउँदा समेत नमानेकाले मैले पुनः दुई तीन झापड हाने निज धरमरीएर घरको खम्बामा समेत ठोकिन पुगिन ।मेरो श्रीमती झन रुदै कराउँदै गाली गर्न थालेकीले चुप लाग भनी भन्दा समेत नमानेकीले पुनः घर भित्र रहेको दाउरा टिपी निजको ढाडमा हिर्काए पछि निजले ला तेरो छोरा भनी मेरो तीन महिनाको छोरा दान गोन्जालेलाई मेरो अगाडी राखी दिई घरबाट बाहिर गईन त्यस पछि मैले छोरीलाई खाना खुवाएर छोरालाई समेत खाटमा सुताए त्यस बेला अं.१०:०० बजेको थियो, मेरो श्रीमती घरमा नआएपछि के कहाँ गईन भनी मैले श्रीमतीलाई कुटेको चिरपट दाउरा बोकी बाहिर निस्किएर आँगन छेउमा हेर्दा आँगन छेउमा रहेको सल्लाको रुखमा नाम्लो डोरीको पासो घाँटीमा लगाई झुण्डीएको अवस्थामा श्रीमती रेविका ठ्याके (गोन्जाले) लाई देखी हातको दाउरा त्यही फयाकी हतार हतार पासो लगाई झुण्डिएको अवस्थामा रहेकी श्रीमतीको डोरीको गाँठो खोली हेर्दा मृत भएको जस्तो देखेर म आत्तिएर हल्ला खल्ला गर्दै नजीकमा रहेका दाजु गावियल गोन्जालेसंग मेरो राम्रो बोलचाल नभएकोले ५०० मिटर पर घर भएका ताप बहादुर थारु समेतलाई भेटी घटनाको बारेमा जानकारी गराएको हुँ ।मेरो श्रीमतीलाई मैले हात र दाउराले शरीरका बिभिन्न भागमा कुटेका कारण दुखाई सहन नसकी मरेको हुनुपर्छ मैले यसरी कुटनु र नजीकै रहेका दाजु भाई तथा ससुराली पक्षका मानिसलाई खबर नगर्नु मेरो गल्ती भयो । कानुन बमोजीम भए सहन मंजुर छुं भन्ने समेत व्यहोराको प्रतिवादी जोनेश गोन्जालेको बयान कागज ।

**५. ताप बहादुर थारुको घटना विवरण :-**

मिती २०७४/०४/२१ गते राती अं.१०:००बजे आफ्नै घरमा खान खाएर टेलिभिजन हेरी घर परिवार सहित बसी रहेको थिए । त्यति खेर मेरा छिमेकी प्रतिवादी जोनेश गोन्जाले मेरो घरमा आई भेना मेरो श्रीमती झुण्डीएर मरी भनी आत्तिएर आई भन्दा सुनाउदा किन यहाँ आएको तेरो दाजु ससुराली नजिकै छन् किन नभनेको भन्दा म घरबाट वाहिर निस्कदा निज जोनेश गोन्जाले हिडी सकेका थिए । म निजका ससुराली घर र दाजुको घरमा गई तिमीहरुको वहिनी बुहारी झुण्डीएर मरी भनेर जोनेश गोन्जालेले भन्दै छ तिमीहरुले थाहा पायौ पाएनौ जाउ भनी बोलाई म समेत ५/६ जना जोनेश गोन्जालेको घर आगनमा पुग्दा जोनेश गोन्जाले सहित अन्य ५/६ जना गाउलेहरु समेत आई सकेका रहेछन् । मैले खोई कहाँ मरिन

भनी सोध्दा जोनेश गोन्जालेले यहाँ निर भनी आगनबाट दक्षिण निर पानीको ट्यांकी नजिक सिमेन्टीको पानीको टपमा उत्तानो सुती मरी रहेको देखे । मृतक रेविका ठ्याके (गोन्जाले)को घाटीमा चोट (डोरी)ले कसेको जस्तो देखे । बायाँ कान मुनी डाम देखेको हो । तिमीहरु नछोउ भनी मैले प्रहरीलाई खबर गरे । मृत लाश नजिक सल्लाको रुखको हागामा प्लाष्टिकको नाम्लो सहित भुईमा झुण्डी रहेको डोरी देखे । मसँगै गएका गाउलेहरु मंगलमान लाखे, लाक्पा ठ्याके  समेत गएका थियौं । निजहरु जोनेश गोन्जाले र रेविका ठ्याके (गोन्जाले)विच झै-झगडा गरेको भनी छिमेकीहरुले सुनी थाहा पाएको भनी सुनाएका हुन । निजको शरीरमा समेत घाउ चोट लागेको देखेको हो । निजलाई कर्तव्य गरी मारे मारेनन् आखाले नदेखेको कारण एकिन खुलाउनु सकिन भन्ने समेत व्यहोराको ताप बहादुर थारुको घटना विवरण कागज ।

**६. ठुले भन्ने अमर राम पुनको घटना विवरण :-**

मिती २०७४/०४/२१ गते साँझ आफ्नै घरमा घर परिवार सहित खाना खाएर सुति रहेको थिए । राती अं.१०:०० बजेतिर मेरो छिमेकी दाजु ताप बहादुर थारु मेरो घरमा आई छिमेकी जोनेश गोन्जालेको श्रीमती मरिन अरे भनेपछि कसरी मरिन त भनी उठी जोनेश गोन्जालेको घरमा जादा गाउ घरका छिमेकीहरु समेत आई सकेको रहेछन् । निज जोनेश गोन्जालेको घर अगाडी आगनमा दक्षिणमा पानीको ट्यांकी नजिक सिमेन्टको टप माथी उत्तानो अवस्थामा लडी मृत लाश देखेको हो । सो लाशको घाटी र बायाँ कान मुनी डाम देखेको हो । मृत लाश नजिक सल्लीको रुखको हागामा प्लाष्टिकको नाम्लो सहितको डोरी झुण्डी रहेको देखे निज जोनेश गोन्जालेलाई कुटपिट गरीरहन्थे । सो दिन पनि श्रीमतीलाई कुटपिट गरे भनी छरछिमेकबाट सुनी थाहा पाएको हो । निज मृतक रेविका गोन्जालेको लाश हेर्दा आफै मरेको नभई प्रतिवादी जोनेश गोन्जालेले कुटपिट गरी कर्तव्य गरी मारेकोमा मलाई विश्वास लाग्छ भन्ने समेत व्यहोराको ठुले भन्ने अमर राम पुनको घटना विवरण कागज ।

**७. लाक्पा ठ्याकेको घटना विवरण :-**

मिती २०७४/०४/२१ गते साँझ घर परिवार सहित खाना खाई घरमा सुती रहेको थिए । राती अं.१०:००बजेको समयमा मेरो छिमेकी ताप वहादुर थारु आई तिमीहरुको बहिनी रेविका ठ्याके (गोन्जाले)मरिन अरे भनी वहिनीको घरमा गई हेर्दा बुझ्दा निजका श्रीमान जोनेश गोन्जालेले झुण्डी मरेकी हुन् भनी सुनाए पश्चात मैले मेरो बहिनी रेविका गोन्जालेलाई हेर्दा घर आगनबाट दक्षिण निर पानीको ट्यांकी नजिक सिमेन्टीको पानीको टप माथी उत्तानो सुती मरी रहेको देखी  मृतक रेविका ठ्याके (गोन्जाले)को घाटीमा डाम बायाँ कान मुनी डाम देखे मृत लाश नजिक सल्लाको रुखको हागामा प्लाष्टिकको नाम्लो सहितको डोरी झुण्डी रहेको देखेको हो । मेरो बहिनीलाई पहिलाबाटै प्रतिवादी जोनेश गोन्जालेले कुटपिट गरी रहदा म समेत भई गाउलेहरुको रोहवरमा छलफल गरी अव आईन्दा कुटपिट नगर्ने भनी सहमती गराउदै आएका हौं । यसरी नै मिती २०७४/०४/२१ गते राती पनि मेरो वहिनीलाई आफ्नै घरमा प्रतिवादी जोनेश गोन्जालेले कुटपिट गरेको भनी थाहा पाए । मेरो वहिनी आफै झुण्डी मरेको होईन । निज प्रतिवादी जोनेश गोन्जालेले नै कुटपिट गरी कर्तव्य गरी मारी फालेकोमा मलाई विश्वास लाग्छ । निजलाई कर्तव्य ज्यान सम्बन्धी कारवाही होस् भन्ने समेत व्यहोराको लाक्पा ठ्याकेको घटना विवरण कागज ।

**८. गावियल गोन्जालेको घटना विवरण :-**

मिती २०७४/०४/२१ गते साँझ आफ्नै घरमा खाना खाएर घर परिवार सहित बसी रहेकोमा मेरो सहोदर भाई जोनेश गोन्जाले र बुहारी रेविका ठ्याके (गोन्जाले)विच रु.६०००।- (छ हजार) पैसाको विषयमा झगडा गरेको थाहा पाए म र मेरा भाई जोनेश गोन्जाले १०/११ बर्ष अगाडी छुट्टी भिन्न भई बसेको हो । म र भाई जोनेश गोन्जाले तल्लो घर माथिल्लो घर बनाई बसेका छौं । भाई बुहारी जहिले पनि मादक पदार्थ सेवन गरी झगडा गर्ने गर्दथे । म समेत भई गाउलेहरुको रोहवरमा छलफल गरी मिलाउदै राखेको हो । सो दिन पैसाको विषयमा झगडा गरका छन् । झगडा गर्दै गरेकाले वास्ता गरिन एक छिनपछि झगडा गर्न बन्द भएकाले म सुते । १०:०० बजेको समयमा छिमेकीहरु आई मलाई रेविका मरिछन् भनी हल्ला खल्ला गर्दा थाहा पाई घरबाट उठी हेर्दा भाईको घर आगनबाट दक्षिण पानी ट्यांकी छेउमा कपडा धुने सिमेन्टको टप माथी बुहारी रेविका ठ्याके (गोन्जाले) मृत अवस्थामा सुती रहेको घाटीमा डोरीको डाम भएको लाश नजिक सल्लाको रुखको हागामा प्लाष्टिकको डोरी सहितको नाम्लो झुण्डीएको देखे । मेरो बुहारी रेविका ठ्याके (गोन्जाले)को के-कारणले मृत्यु भयो । मेरो आखाले नदेखेको हुदा एकिन खुलाउन सकिन भन्ने समेत व्यहोराको गावियल गोन्जालेको घटना विवरण कागज ।

**९. बस्तुस्थिती मुचुल्का :-**

मिती २०७४/०४/२१ गते साँझ घरमा बसी रहेको अवस्थामा छिमेकी जोनेश गोन्जालेको श्रीमती रेविका गोन्जालेको मृत्यु भयो अरे भनी सुने पश्चात के-कसरी मरीछन् भनी बुझ्दा निजको घरमा गई हेर्दा घर अगाडी आगनबाट दक्षिण पानी ट्यांकी नजिक सिमेन्टको कपडा धुने टप माथी उत्तानो अवस्थामा घाटीमा डाम कान मुनी डाम भई मृत अवस्थामा देखे मृत लाश नजिक सल्लाको रुखको हागामा प्लाष्टिकको नाम्लो सहितको डोरी झुण्डी रहेको देखे । निजहरु पहिलाबाटै झै-

झगडा गरी जोनेश गोन्जालेले श्रीमती रेविका गोन्जालेलाई कुटपिट गरी रहन्थे । हामी छिमेकीहरु भेला जम्मा भई सम्झाई बुझाई गरी रहन्थ्यौं । सो दिन पनि साझ झगडा गरेका थिए भनी सुनेको हो । निज जोनेश गोन्जालेले नै कुटपिट गरी कर्तव्य गरी रेविका गोन्जालेलाई मारेकोमा मलाई विश्वास लाग्छ । कानुन वमोजिम होस् भन्ने समेत व्यहोराको प्रायः एकै मिलानको वस्तुस्थिती मुचुल्का ।

**१०.अभियोग :-**

यसमा ईलाका प्रहरी कार्यालय, धरानबाट अनुसन्धान तहकिकात सम्पन्न गरी निर्णयार्थ पेश भएको मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल लाश जाँच मुचुल्का, प्रतिवादीको बयान, बुझिएका मानिसहरुको कागज, पोष्टमार्टम रिपोर्ट एवं वस्तुस्थिति मुचुल्का समेतका कागजातहरुवाट प्रतिवादी जोनेश गोन्जालेले श्रीमती (जाहेरवालाको नन्द) रेविका ठ्याके (गोन्जाले)लाई मादक पदार्थ सेवन गरी कुटपिट गर्दै आएकोमा २०७४/०४/२१ गतेका दिन समेत वादविवाद गरी लात्त, मुक्का, दाउराले कुटपिट गरी कर्तव्य गरी मारी कसुरवाट वच्न घर नजिकै रहेको सल्लाको रुखमा झुण्डाएको कर्तव्य ज्यानको वारदात स्थापित हुन आयो ।

अव निज प्रतिवादीले के कुन रित व्यहोरासँग उक्त वारदात घटाएका रहेछन र निज प्रतिवादी उपर के कुन सजायको मागदावी लिने हो भनी विचार गर्दा मेरो नन्द बर्ष २८ की रेविका ठ्याके (गोन्जाले)को प्रतिवादी जोनेश गोन्जालेसँग २ बर्ष अगाडी विवाह भई घर जम गरी वसेकोमा केही समय देखी मादक पदार्थ सेवन गरी झगडा गर्ने गरेको हुदा गाउ समाज समेत राखी सम्झाई बुझाई गरी बसेका थियौं, मिती २०७४/०४/२१ गते बेलुका १०:०० बजेको समयमा नन्द र ज्वाई एक आपसमा झगडा गरेको कुरा म समेतका गाउलेहरुले थाहा पाएको भएता पनि निजहरु प्रायः जसो झगडा गरी रहने गरेकाले खासै वास्ता गरिएन । केही बेरमा मेरो नन्द रेविका गोन्जाले घर देखी दक्षिणमा रहेको सल्लाको रुखमा झुण्डी मृत्यु भएको भन्दै निज जोनेश गोन्जालेले निजकै दाजु घर छेउमा बस्ने गावियल गोन्जालेलाई जानकारी नगराई सो घर देखी अं.५००मिटर दुरीमा बस्ने ताप बहादुर थारुलाई जानकारी गराउदै हिडेको थाहा पाई मलाई किन भनेन् भन्दै मनमा शंका लागी के भएछ त भन्दै घटनास्थलमा गई हेर्दा सल्लाको रुखको करिव अं.५फुट उचाईमा रहेको हागामा नाम्लोमा पातो बाधेर डोरी तन्द्रङ्ग झुण्डी रहेको नन्दको लाश उत्तानो परी भुईमा लडी रहेको घाटीमा डोरीको डाम अगाडी पटी देखीएको, टाउको मुनी चिर्पट दाउराको सिरानी लाएको, गालामा निलो डाम देखिएको, घाटी पछाडी घिच्चुकमा दाग देखिएको, मेरो नन्द आफु खुसी झुण्डी आत्महत्या गरेको नभई निज ज्वाई जोनेश गोन्जालेले नै कुटपिट गरी कर्तव्य गरी मारेकोमा शंका लागेको हुदा निज प्रतिवादीलाई कानुन वमोजिम सजाँय गरी पाउँ भन्ने समेत व्यहोराको साफिया गोन्जालेको जाहेरी दरखास्त, बारदातस्थलमा रहेको सल्लाको रुखको पुर्वपट्टिको हागामा सेतो प्लाष्टिकको नाम्लाको डोरी बाधेको अवस्थामा उक्त डोरी भुईमा छोएको, उक्त हाँगा देखी भुईसम्मको दुरी ५फिट ७ईन्च रहेको, सोही छेउमा मृतक रेविका गोन्जालेको लाश पुर्व टाउको पश्चिम खुट्टा भई उत्तानो अवस्थामा रहेको, उक्त लाशलाई ओल्टाई पल्टाई हेर्दा दायाँ आँखाको छेउमा गालाको भागमा निलो भई सुन्निएको बायाँ पट्टिको भागमा समेत सानो खत भएको, ओठमा कालो दाग देखिएको, मृतक लाशको छेउमा काठको चिरिएको सानो चिरपट दाउरा रहेको भन्ने समेत व्यहोराको घटनास्थल लाश जाँच मुचुल्का, मृतक रेविका गोन्जालेको Cause of death is neck Compression as a result of hanging However viscera and blood are preserved for chemical analysis. भन्ने व्यहोराको शब परिक्षण रिपोर्ट, म र मेरो श्रीमती रेविका गोन्जाले दुवै जना मादक पदार्थ सेवन गरी बारम्बार घरायसी ब्यबहारको बिषयमा एक आपसमा झगडा हुदाँ समाज समेतको मानिसले हामीहरुलाई सम्झाई बुझाई गर्दै आएकोमा मिति २०७४/०४/२१ गते बिहान म उठदा मैले किताब भित्र छोरा छोरी बिरामी हुदा चाहिन्छ भनी लुकाई राखेको रु.५००/५०० का गरी जम्मा रु.१००००/- (दश हजार) हेर्दा रु. ४०००/-(चार हजार) मात्र देखे पछि श्रीमतीलाई यहाँ राखेको मेरो पैसा कस्ले लगो भनी सोध्दा हामी बीचमा बादबिवाद झगडा भई म रिशले धरान बजार स्थित सेतोपुलमा मेरो आमाले मकै पोली बेच्ने गरेको ठाउँमा आई दिनभरी आमालाई काम सघाई दिई बेलुका अं.०६:०० बजे तिर म घरमा पुग्दा मेरो श्रीमती अत्याधिक मादक पदार्थ सेवन गरेकी, घरमा नानीहरु रोई रहेको र मेरो पैसा समेत निजले नै लगी मादक पदार्थ खाएको भनी रीसउठी यो के गरेको भनी सोध्दा उल्टै मलाई अश्लील गाली गलौज गर्न थाले पछि मलाई रीसउठयो र मैले पहिला हातले गालामा दुई झापड हाने र उ रुन थाली झन मलाई गाली गर्न थालेकीले म १९:०० बजे तिर घरबाट निस्किएर गाउँको चौकमा गई रीसहुन्जेल सम्म बसेर अं.२०:३० बजे तिर चौकबाट घरमा पुनः गए । त्यतीखेर सम्म छोराछोरीलाई खाना समेत नदिएर बसी रहेकी रहीछन । म जान साथ फेरी आमा बाबुको नाम लिएर तथानाम गाली गर्न थालीन सम्झाउँदा समेत उल्टै म संगै लाप्पा खेल्न आई झगडा हुन थाल्यो, सम्झउँदा समेत नमानेकाले मैले पुनः दुई तीन झापड हाने, निज धरमरीएर घरको खम्बामा समेत ठोकिन पुगिन । मेरो श्रीमती झन रुदैं कराउँदै गाली गर्न थालेकीले चुप लाग भनी भन्दा समेत नमानेकीले पुनः घर

भित्र रहेको दाउरा टिपी निजको ढाड र पिछाडी चाकमा हिर्काए पछि निजले ला तेरो छोरा भनी मेरो तीन महिनाको छोरा दान गोन्जालेलाई मेरो अगाडी राखी दिई घरबाट बाहिर गईन त्यस पछि मैले छोरीलाई खाना खुवाएर छोरालाई समेत खाटमा सुताए त्यस बेला अं.१०:०० बजेको थियो ,मेरो श्रीमती घरमा नआएपछि के कहाँ गईन भनी मैले श्रीमतीलाई कुटेको चिरपट दाउरा बोकी बाहिर निस्किएर आँगन छेउमा हेर्दा आँगन छेउमा रहेको सल्लाको रुखमा नाम्लो डोरीको पासो घाँटीमा लगाई झुण्डीएको अवस्थामा श्रीमती रेविका गोन्जालेलाई देखेको, मैले हात र दाउराले शरीरका बिभिन्न भागमा कुटेका कारण दुखाई सहन नसकी मरेको हुनुपर्छ भन्ने समेत व्यहोराको प्रतिवादी जोनेश गोन्जालेको बयान, प्रतिवादी जोनेश गोन्जाले ताप वहादुर थारुको घरमा आई श्रीमती झुण्डीएर मरी भनेकोले निजले ठुले भन्ने अमर राम पुन र लाक्पा ठ्याके समेतलाई खवर गरी वारदातस्थलमा गई हेर्दा आगनबाट दक्षिण तिर पानीको ट्यांकी नजिक सिमेन्टीको पानीको टपमा रेविका गोन्जालेलाई उत्तानो सुती मरी रहेको देखेको, मृतकको घाटीमा चोट (डोरी)ले कसेको जस्तो देखेको, बायाँ कान मुनी डाम देखेको, मृत लाश नजिक सल्लाको रुखको हागामा प्लाष्टिकको नाम्लो सहित भुईमा झुण्डी रहेको डोरी देखेको, प्रतिवादी र मृतक रेविका गोन्जाले विच झै-झगडा भएको, निजको शरीरमा समेत घाउ चोट लागेको देखेको भन्ने समेत व्यहोराको मौकामा बुझिएका घटना विवरण कागज गर्ने ताप वहादुर थारु, ठुले भन्ने अमर राम पुन, लाक्पा ठ्याके, गावियल गोन्जाले तथा बस्तुस्थिती मुचुल्का गर्ने जोन सनाई, रुप बहादुर माली  समेतले लेखाई दिएको व्यहोरा समेतका आधार प्रमाणहरुबाट प्रतिवादी जोनेश गोन्जालेले श्रीमती रेविका ठ्याके (गोन्जाले)लाई आफुले कुटपिट गरेको स्वीकार गरेता पनि डोरीले झुण्ड्याई मारेकोमा ईन्कारी वयान दिएता पनि निज प्रतिवादीको मृतक रेविका गोन्जालेसँग विवाह पश्चात देखि नै मादक पदार्थ सेवन गरी झै झगडा गर्दै आएको, मिति २०७४।०४।२१ गते वेलुका समेत मादक पदार्थ सेवन गरी लात, मुक्का तथा काठको चिरपटले शरिरको विभिन्न भागमा हानी मरणासन्न वनाई घर नजिकै रहेको सल्लाको रुखमा डोरीको पासो लगाई झुण्ड्याईएको जस्तो गरी कसैलाई नभनी आफैले डोरी खोली घर परिवार तथा नजिकै भएका मृतकका माईती समेतलाई खवर नगरेकोले र मृतकको शरीरमा भएका चोटपटक तथा निलडाम तथा घाउहरुवाट समेत निज प्रतिवादीले नै कुटपिट गरी कर्तव्य गरी मारी कसुरवाट वच्न घर नजिकै रहेको सल्लाको रुखमा झुण्डाएको तथ्य पुष्टि हुन आयो ।
अत: निज प्रतिवादी जोनेश गोन्जालेको उक्त कार्य मुलुकी ऐन, ज्यान सम्बन्धी महलको १ र १३(३) नं.विपरितको कसुर हुंदा निज प्रतिवादी जोनेश गोन्जालेलाई सोही महलको १३(३) नं.वमोजिम सजाँय हुन मागदावी लिई प्रस्तुत मुद्दाको सक्कल मिसिल सहित प्रतिवादी जोनेश गोन्जालेलाई यसै अभियोगपत्रसाथ पेश गरीएको व्यहोरा अनुरोध गरिन्छ ।
साथै भिषेरा रिपोर्ट प्राप्त भए पश्चात पेश गरिने व्यहोरा समेत अनुरोध गरिन्छ ।

**सबुत प्रमाण:-**

**गवाह:-** साफिया ठ्याकेको जाहेरी दरखास्त ।

**देख्ने सुन्ने:-** बुझिएका मानिस, घटनास्थल मुचुल्का एवं बस्तुस्थिती मुचुल्काका मानिसहरु ।

**दशी प्रमाण :-**

**प्रस्तुत कागजातहरु :-**

| सि.नं. | मिती | विवरण | पाना |
|---|---|---|---|
| १. | २०७४/०४/०५ | जाहेरी दरखास्त | २ |
| २. | २०७४/०४/०५ | घटनास्थलमा खटाई दिने पत्र | १ |
| ३. | २०७४/०४/०५ | घटनास्थल लाश जाँच मुचुल्का | ३ |
| ४. | २०७४/०४/०५ | लाश पोटमार्टम गर्ने पत्र | १ |
| ५. | २०७४/०४/०५ | सदगत पुर्जी | १ |
| ६. | २०७४/०४/०५ | पक्राउ पुर्जी | १ |
| ७. | २०७४/०४/०५ | प्रहरी प्रतिवेदन | १ |
| ८. | २०७४/०४/०५ | अनुसन्धान अधिकृत तोकिएको पत्र | १ |
| ९. | २०७४/०४/०५ | स्वास्थ्य परिक्षण पत्र | १ |
| १०. | २०७४/०४/०५ | थुनुवा पुर्जी | १ |

| | | | |
|---|---|---|---|
| ११. | २०७४/०४/०६ | प्रारम्भिक प्रतिवेदन पत्र पठाईएको | १ |
| १२. | २०७४/०४/०६ | पहिला पटक म्याद थप पत्र | १ |
| १३. | २०७४/०४/०९ | पोष्टमार्टम रिपोर्ट | २ |
| १४. | २०७४/०४/१० | बयान कार्यको लागी लेखेको पत्र | १ |
| १५. | २०७४/०४/१० | प्रतिवादीको बयान | ३ |
| १६. | २०७४/०४/१० | दोश्रो पटक म्याद थप पत्र | १ |
| १७. | २०७४/०४/१० | प्रतिवादीको औठा छाप | १ |
| १८. | २०७४/०४/१० | मृतकको फोटो | २ |
| १९. | २०७४/०४/१२ | घटना विवरण कागज | ३ |
| २०. | २०७४/०४/१५ | तेश्रो पटक म्याद थप पत्र | १ |
| २१. | २०७४/०४/१५ | परिक्षण सामग्री पठाईएको पत्र | १ |
| २२. | २०७४/०४/१७ | घटना विवरण कागज | ४ |
| २३. | २०७४/०४/१८ | घटना विवरण कागज | २ |
| २४. | २०७४/०४/१८ | वस्तुस्थिती मुचुल्का | ४ |
| २५. | २०७४/०४/१६ | विधि विज्ञानको भरपाई पत्र | १ |
| २६. | २०७४/०४/१९ | पुनः अनुसन्धान अधिकृत तोकिएको पत्र | १ |
| २७. | २०७४/०४/२२ | चौथो पटक म्याद थप पत्र | १ |